ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

<u>प्रस्तावहरुः</u>

१. भवन उद्घाटन सम्बन्धमा।
२. योजना सम्झौता सम्बन्धमा।
३. अनुमती सम्बन्धमा।
४. विविध

**<u>निर्णयहरुः</u>**

१. ऐरावती गाउँपालिका वडा नं. १ अमिलिमा भारतीय राजदुतावास काठमाण्डौ र गाउँपालिको सहकार्यमा निर्माण सम्पन्न भएको विद्यालय भवन तथा छात्रावास भवनको उद्घाटन मिति २०८२/०७/१८ गते गर्ने निर्णय भएपनि विशेष कारणले मिति २०८२/०८/०३ गते गर्ने निर्णय गरियो। साथै उद्घाटन कार्यक्रममा लाग्ने खर्च गाउँपालिकाले ब्यहोर्ने निर्णय गरियो।
२. ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत भएका योजना तथा कार्यक्रमहरु मिति २०८२ माघ १५ गते भित्र सम्झौता गरिसक्ने गरी काम गर्न सबै कर्मचारी र जनप्रतिनिधिहरुलाई निर्देशन गर्ने निर्णय गरियो।
३. ऐरावती गाउँपालिका वडा नं. ५ द्वारेघाटमा निर्माण गरिएको औद्योगीक ग्रामको संरचना ऐरावती उद्यमी महिला सहकारी संस्थाको लागि उपयोग गर्न अनुमती दिने निर्णय गरियो।
४. विविध

- ऐरावती गाउँपालिका वडा नं. ५ सिदुरेडाँडा निवासी राधा गाईनको मिति २०८२/०४/१९ गतेको अविर वर्षातका कारण घर अघी रहेको वाल भत्किएर घर जोखिममा रहेकोले घर संरक्षणको लागि मेसेनरी वाल निर्माणको लागि विपद् ब्यवस्थापन कोषबाट रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो।
- ओखरकोट पर्यटन एवं ग्रामीण विकास सेवा समिति प्यूठान र नेपाल मगर संघ प्यूठानलाई क्रमश रु २० हजार र १५ हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।
- स्वर्गद्वारी नगरपालिकामा सञ्चालनमा रहेको सर्पदंश उपचार केन्द्र ब्यवस्थापन तथा सञ्चालनको लागि रु १ लाख सहयोग गर्ने निर्णय गरियो।

ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

- ऐरावती गाउँपालिका वडा नं. २ निवासी एकल महिला मंगली देवी घर्तीमगरको घर जोखिममा रहेकोले मर्मत र जस्तापाता लगाउनको लागि आवश्यक रकम प्राविधिक ईष्टिमेट अनुसार उपलब्ध गराउने।
- ऐरावती गाउँपालिका वडा नं. ६ निवासी अमृता गुरुङको सर्पले डसि उपचारको क्रममा मृत्यु भएकोले विपद् ब्यवस्थापन कोषबाट मृतकका परिवारलाई रु २० हजार उपलब्ध गराउने निर्णय गरियो।
- ऐरावती गाउँपालिका वडा नं. २ मा रहेको जन कल्याण माध्यमिक विद्यालयको परिसरमा लगाएको जाली मिति २०८२/०६/१५ गतेको अविरल वर्षाको कारण क्षती भएकोले पुन निर्माणको लागि विपद् ब्यवस्थापन कोषबाट भुक्तानी हुने गरी काम गर्न पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय गरियो।